**मिति २०८२।०५।२९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को तेस्रो नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** मिति २०८२ साल भदौ २३ र २४ गते जेन्जी (Gen Z) पुस्ताको आयोजनामा देशको अधिकांस स्थानमा भएको आन्दोलनका क्रममा ज्यान गुमाउने व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै, शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै उक्त घटनाका कारण घाइते भई उपचारको क्रममा रहेका सबै घाइतेहरुमा शिघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछौं । साथै उक्त आन्दोलनको नाममा घुसपैठ भई ऐ भदौ २४ गते गैंडाकोट नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालय, जनप्रतिनिधिहरु एवं अन्य सामाजिक व्यक्तिहरुको भवन/धनमाल, नीजि/सार्वजनिक सम्पति,सवारी साधन,कार्यालयका महत्वपूर्ण कागजातहरुमा आगजनी , तोर्डफोड र लुटपाटमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** आ.व.२०८२/०८३ को लागि बोलपत्र आव्हान भई सकेका योजनाहरुको सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने र बोलपत्र आब्हान भई नसकेका नयाँ स्वीकृत योजनाहरुको लागि हाललाई तत्काल बोलपत्र आब्हान नगर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मिति २०८२ साल भदौ २३ र २४ गते जेन्जी (Gen Z) पुस्ताको आयोजनामा भएको आन्दोलनका क्रममा गैंडाकोट नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयमा भएको आगजनी, तोर्डफोर्ड तथा लुटपाट भए पश्चातको विषम परिस्थितिमा कार्यालयबाट रोकिएको नियमित सेवा प्रवाहलाई मिति २०८२ भदौ ३१ देखि शुरुवात गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख